आज मिति २०७३ साल फागुन १७ गतेका दिन यस रत्ननगर नगरपालिकाको बोर्ड बैठक निमित्त कार्यकारी अधिकृत श्री सीताराम पोखरेलज्यूको अध्यक्षतामा देहायका शाखा प्रमुखहरुको उपस्थितीमा बस्यो ।

**उपस्थिती:**

१. निमित्त कार्यकारी अधिकृत श्री सीताराम पोखरेल, रत्ननगर न. पा. कार्यालय

२. योजना शाखा प्रमुख श्री प्रकाशचन्द्र ढुंगाना

३. प्रशासन शाखा प्रमुख श्री चन्द्रमणी आचार्य

४. सूचना शाखा प्रमुख श्री उर्मिला तमाङ्ग दाहाल

५. सामाजिक विकास शाखा प्रमुख श्री पुष्पराज आचार्य

६. भूकम्प सुरक्षा तथा नक्सापास शाखा प्रमुख श्री नमेश गुरुङ्ग

७. खरिद तथा जिन्सी व्यवस्थापन उपशाखा प्रमुख श्री नवराज तिवारी

८. आलेप प्रमुख श्री राधा चौधरी

९. राजश्व उपशाखा प्रमुख श्री डिम्मेश्वरी पौडेल

१०. नेपाल नगरपालिका कर्मचारी एसोसियसन प्रतिनिधी-उपाध्यक्ष श्री शंकर गिरी

**निर्णय:**

**निर्णय नं. १:**
यस रत्ननगर नगरपालिका क्षेत्रमा जिविस अनुदान अन्तर्गत संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयबाट स्वीकृत रत्ननगर टाँडी नजिक कभर्ड हल निर्माण योजनाका लागि स्वीकृत वजेटबाट यस रत्ननगर नगरपालिका क्षेत्रमा निर्माणाधिन सभाहलको निकटतामा पर्ने गरी रत्ननगर न. पा. वडा नं. १ र ४ को नगरपालिकाको स्वामित्वमा रहेको सार्वजनिक जग्गामा निर्माण गर्न उपभोक्ता समिति गठन गरी योजना कार्यान्वयन गर्न पहल गर्ने न. पा. सर्वदलिय संयन्त्रको सहमति अनुसार निर्णय गरियो ।

**निर्णय नं. २:**
यस रत्ननगर नगरपालिका क्षेत्रमा जिविस अनुदान अन्तर्गत संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयबाट शहीद स्मृति पार्क निर्माण टिकौलीका लागि स्वीकृत रु. ५५,००,०००।- (पचपन्न लाख मात्र) बाट नगरपालिकाले विगतदेखि स्थानीय सामुदायिक वनसंग राजमार्गको उत्तर तथा दक्षिण खण्डमा लागत साझेदारीमा निर्माणाधिन पार्कको पूर्वाधार निर्माणमा लगानी गर्दा दुवै खण्डको पार्क निर्माण कार्य समयमा नै पूर्णरुपमा सम्पन्न गर्न सकिने भएकोले सोही अनुसार यस योजनाको निर्माण कार्य हाल न. पा. द्धारा गठीत उपभोक्ता समिति मार्फत संचालनका लागि जिविस, चितवनलाई सिफारिस गर्ने न. पा. सर्वदलिय संयन्त्रको सहमति अनुसार निर्णय गरियो ।

**निर्णय नं. ३:**
पर्यटन शुल्क सम्बन्धि अध्ययन भ्रमणका सम्बन्धमा नगरपालिका पर्यटन शुल्क लगाउने तर्फ नीतिगत निर्णयको अवस्थामा रहेकोले सो सम्बन्धमा भएका कानुनी प्रावधान, सरकारी व्यवस्था लगायत अनुभवी नगरपालिकाहरुको अनुगमन तथा सो ढाँचा लगायत अन्य पक्षहरुका बारेमा ज्ञान सीप सिक्नका लागि उपयुक्त नगरपालिका, पर्यटन शुल्क लिई रहेका संस्था,/निकायहरु मध्ये कुनै २ स्थानमा अध्ययन भ्रमण जाने र यस भ्रमणलाई यथासम्भव मितव्ययी र अर्थपूर्ण बनाउन न. पा. मा कृयाशिल राजनैतिकदल संयन्त्र प्रतिनिधी एवं न.पा. मा कार्यरत जिम्मेवार कर्मचारी प्रतिनिधी र पर्यटन क्षेत्रमा रहेका व्यवसायी प्रतिनिधी समेतको टोली जाने व्यवस्था मिलाउने न. पा. सर्वदलिय संयन्त्रको सहमति अनुसार निर्णय गरियो ।